# योगदान मा आधारित सामाजिक सुरक्षा कार्यान्वयनको वर्तमान स्थिति तथा चुनौतीहरू

श्यामराज अधिकारी
कार्यकारी निर्देशक सामाजिक सुरक्षा कोष

# प्रस्तुती का विषयहरू

- योगदान मा आधारित सामाजिक सुरक्षा योजना को परिचय
- योगदान मा आधारित सामाजिक सुरक्षा योजना कार्यन्वयन को वर्तमान अवस्था
- योजना कार्यान्वयनका चुनौतीहरू

# समाजिक सुरक्षा परिचय

- आधारभूत मानब अधिकार मानब अधिकार घोसणापत्र १९४८
- कल्याणकारी राज्यको अवधारणा, सामाजिक न्यायको लागिअरुको भर पर्नेहरुलाई सहयोग
- सामाजिक सहायता, नगद र बस्तुगत सहायता, गरिबीको जोखिम घटाउने रणनीति
- श्रम बजार ब्यबस्थापन
- औद्योगिक क्रान्तिको उपजको रुपमा श्रमिकको सामाजिक सुरक्षाको लागि अगाडि सारिएको अबधारणा
- जर्मनी - स्वास्थ्य बिमा सन् १८८४
- बेलायत - राष्ट्रिय बिमा कानुन सन्  १९०८
- अमेरिका -सामाजिक सुरक्षा ऐन सन् १९३५
- नेपाल - सैनिक द्रब्य कोष बि सम् १९९१



मातृत्व सुरक्षा



बेरोजगारी



कार्यस्थलको दुर्घटना



बिरामी



औसधि उपचार

सामाजिक सुरक्षा जिबन चक्र

बालबालिका



पूर्ण असक्तता



घरमुलीको निधन




ब्रिद्द अवस्था



# कानूनी आधारहरु

- नेपालको संविधानको धारा ३४: प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक
- श्रम ऐन, २०७४
- श्रम नियमावली, २०७५
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- बोनस ऐन, २०३०

# कानूनी आधारहरु

- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- रोजगारदाता र योगदानकर्ताको सूचिकरण सम्बन्धी कार्यविधि, २०७५
- रोजगारदाता र योगदानकर्ताको सूचिकरण सम्बन्धी सूचना २६ कार्तिक, २०७५ को राजपत्रमा प्रकाशन
- ट्रेड यूनियन ऐन, २०५०
- C 102 Social Security (Minimum Standard Convention 1952)

# नेपालको संविधान, भाग ३ मौलिक हक र कर्तव्य

३४. श्रमको हक

(१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक

(२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

(३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।

# नेपालको संविधान, भाग ३ मौलिक हक र कर्तव्य

४३. सामाजिक सुरक्षाको हक

- आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

# भाग–४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

## धारा ५१: राज्यका नीतिहरु

(झ) श्रम र रोजगार सम्बन्धी नीति :

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

# भाग–४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ।


आर्जनबाट योगदान गरौं, सामाजिक सुरक्षामा सहभागी बनौं
दुर्घटना तथा अशक्तता सुरक्षा सुविधा
औषधि उपचार तथा स्वास्थ्य सुविधा
मातृत्व सुरक्षा सुविधा
सामाजिक सुरक्षा योजना अन्तरगत पाईने सुविधाहरू
वृद्ध अवस्था सुरक्षा सुविधा
आश्रित परिवार सुरक्षा सुविधा
सामाजिक सुरक्षा कोष, नेपाल

# कोषमा योगदान रकमको दर र स्कीममा रकम बाडफाड

- श्रमिकको योगदान : आधारभूत पारिश्रमिकको ११ प्रतिशत
- रोजगारदाता को योगदान : श्रमिकको आधारभूत पारिश्रमिकको २० प्रतिशत , गरि कूल : ३१ प्रतिशत
- योगदान रकम बाट कोषले योजना संचालन गर्ने
- औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाकोलागी १ प्रतिशत
- दुर्घटना र असक्तता सुरक्षा योजनाको लागि १.४ प्रतिशत
- आश्रित परिवार सुरक्षा योजनाको लागि ०.२७ प्रतिशत
- बृद्धाबस्था सुरक्षायोजनाको लागि २८.३३ प्रतिशत

# औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

- चिकित्सकको परामर्श सेवा
- अस्पताल भर्ना बापतको शुल्क
- निदान तथा परिक्षण सेवा शुल्क
- औषधिको बिल बमोजिमको खर्च
- घरैमा बसी उपचार गराउन पर्ने अवस्था को बिरामीको चिकित्सक घर आउदा जादाको खर्च
- १२ दिन भन्दा बढी बिरामीभएकोमा तेसपछिको १३ हप्ता सम्म आधारभूत पारिश्रमिकको ६० प्रतिसत रकम
- कम्तिमा ६ महिना योगदान गरेकोले अर्को ६ महिना यो सुबिधा प्राप्त गर्ने हुदा योगदान रकम नियमित गर्नुपर्दछ

# औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

- योगदनकर्ता वा निजको श्रीमतीको गर्भाबस्थाको नियमित परिक्षण, अस्पताल भर्ना सल्यक्रिया र तिन महिना सम्म को शिशुको उपचार खर्च
- प्रसुति स्याहार खर्च बापतप्रति शिशु  एक महिनाको न्यूनतम तलब बराबरको रकम
- प्रसुती बिदामा बस्दाको ३८ दिनको आधारभूत पारिश्रमिकको ६० प्रतिसत रकम
- २४ हप्ता भन्दा बढी अबधिको  गर्भ पतन भयको अबस्थामा पनि सुबिधा प्राप्तहुने
- पछिल्लो १८ महिनामा १२ महिना योगदान गरेको हुनुपर्ने

# औषधिउपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना

- उपचार खर्च को सिमा घरैमा बसेर उपचार गरायको मा पच्चीस हजार र अस्पताल मा बसेर उपचार गरायकोमा एकलाख सम्म रहने ८० प्रतिसत कोष ले बेहोर्ने, २० प्रतिसत श्रमिकले बेहोर्ने
- अस्पतालमा उपचार गर्दाको खर्च अस्पतालमा भुक्तानीहुने

# दुर्घटना तथा अशक्तता सुरक्षा योजना योजना

- योगदनकर्ता श्रमिक रोजगारिजन्य दुर्घटनामा परि उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च
- योगदनकर्ता श्रमिकलाई लागेको ब्यबसायजन्य रोगको उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च
- अस्थायी पूर्ण असक्षमता भयको योगदनकर्ताले निजले खाई पाई आएको आधारभूत पारिश्रमिकको ६० प्रतिशत बराबरको रकम निज काममा नफर्कदासम्म
- स्थायी असक्षमता भयको योगदनकर्ताले निजले खाई पाई आएको आधारभूत पारिश्रमिकको ६० प्रतिशत बराबरको रकमलाई सत् प्रतिशत मानी निजको असक्षमता प्रतिसतको आधारमा जिबंन भर निबृत्तिभरण मासिक रुपमा
- स्थायी पूर्ण असक्तता भयमा मासिक आधारभूत पारिश्रमिक को ६० प्रतिशत मासिक निबृत्तिभरण

# दुर्घटना तथा अशक्तता सुरक्षा योजना योजना

- असक्षमता प्रतिशत स्वास्थ्यपरीक्षण समितिले निर्धारण र पुनराबलोकन गर्ने ब्यबस्था
- २० प्रतिशत भन्दाकम असक्तता भयको व्यक्तिलाई कोषले अनिबार्य अबकास अबधि हिसाबगरी एकमुस्ठ रकम  भुक्तानी गर्न सक्ने

# आश्रित परिवार सुरक्षा योजना

- योगदानकर्ता श्रमिकको दुर्घटना वा ब्यबसयाजन्य रोगको कारण मृत्यु भयमा निजको पति वा पत्नीलाई निज जीवित रहेसम्म योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको ६० प्रतिशत मासिक निबृत्ति भरण,
- सन्ततिले पाउने शैक्षिकवृत्ति
- योगदनकर्ता श्रमिक को एकाघरको पति वा पत्नी छोरा वा छोरी नभयको तर एकाघर सगोलको बाबु वा आमा भयकोमा आश्रित बाबुआमाले पाउने सुबिधा
- जुनसुकै कारणले योगदनकर्ताको मृत्यु भएमा आश्रीत परिवार सदस्य वा हकवाला लाई अन्तिम सस्कार खर्च २५ हजार रुपया पाउने

# बृद्धावस्था सुरक्षायोजना

## (क) निबृत्तिभरण योजना

- २०७६ श्रावण १ पछि नियुक्ति पाउने श्रमिक सबै निबृत्तिभरण योजना मा समाबेस हुने व्यवस्था
- सामुहिक सम्झौता को आधारमा समाबेस हुन सक्ने
- १५ वर्ष योगदान गरेको, अबकास उमेर ६० वर्ष पुरागरेको हुनुपर्ने
- कुल योगदान रकम लाई १८० महिना (१५ वर्ष) ले भाग गर्दा हुन आउने रकम प्रतेक महिना निजको जिबनकालभरि निबृत्ति भरण पाउने

# बृद्धावस्था सुरक्षा योजना

## (ख) अवकाश सुबिधा योजना

- निवृतिभरण योजना लागुहुनु अगाबै रोजगारीमा रहेका योगदनकर्ताले कोषमा जम्मा गरियको सन्चित रकम निज अवकाश हुदाको बखत एकमुष्ठ भुक्तानी लिन पाउने ब्यबस्था रहेको
- पेन्सन को लागि दर निर्धारणगरि बाकी रकम भुक्तानी गर्न वा अन्य योजना संचालन गर्न सकिने
- कम दरमा निवृतिभरण योजना संचालन भयको अबस्थामा कोषले बाकि रकम अवकाश सुबिधा बापत सम्बन्धित श्रमिक लाई फिर्ता गर्ने
- प्रत्यक सुबिधा दाबी गर्न फारम भर्ने कागजात पेस गर्नुपर्ने

# वर्तमान अवस्था

- सामाजिक सुरक्षा कोषको स्थापना: २०६७चैत्र ७
- सामाजिक सुरक्षा कोष संचालक समितिको व्यवस्था, अध्यक्ष समेत १३ जना, रोजगारदाता प्रतिनिधि ३ जना, ट्रेड युनियन प्रतिनिधि ३ जना  नेपाल राष्ट्र बैंक डिपुटी गभर्नर समेत नेपाल सरकारका सहसचिबहरु सदस्य रहने
- रोजगारदाता सूचीकरण प्रारम्भ- ६ मङ्सिर २०७५
- सामाजिक सुरक्षा योजनाको औपचारिक शुभारम्भ : मंसिर ११, २०७५

# वर्तमान अवस्था

- कोषको रकम लगानी सम्बन्धी व्यवस्था - एक बर्से मुद्दती निक्षेप क वर्ग का २२ वटा बाणिज्य बैंकमा रहेको
- कोषमा रहेको रकम रु २१,३९,०२,६१०००|-एक्काइस् अरब उनन्चालिस करोड दुई लाख एकसट्ठी हजार मात्र ( मिति २०७६ /०१/२० सम्म )

# रोजगारदाता र रोजगार प्राप्त व्यक्ति सूचीकरण

- रोजगार दाता र श्रमिक आपूर्तिकर्ता सूचिकृत गर्ने : देहाय को मितिले ३ महिना भित्र अनलाइन प्रणालीमार्फत निवेदन दिनुपर्ने
  - काठमाडौं उपत्यका भित्र : २०७५ मंसिर ६
  - प्रदेश ३ का अन्य स्थान : २०७५ मङ्सिर १५
  - प्रदेश १ : २०७५ पुष १
  - प्रदेश २ : २०७५ पुष १५
  - गण्डकी प्रदेश र प्रदेश ५ : २०७५ माघ १
  - कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश : २०७५ माघ १५

हाल अर्को सूचना प्रकासित गरि २०७६ असार मसान्त सम्म म्याद थप गरियको

# रोजगारदाता र रोजगार प्राप्त व्यक्ति सूचीकरण

- रोजगारदाता सुचिकृत भएको मितिले ३ महिनाभित्र नियुक्त गरेको वा रोजगार सम्बन्ध कायम गरेको व्यक्तिलाई सूचीकरण गराउनुपर्ने
- मिति २०७६/०२ /१३ सम्म रोजगारदाता सुचिकृत २६३७
- श्रमिक दर्ता ७७०७
- अनलाईन दर्ता गर्ने प्रणाली
- www/ssf.gov.np
- sosys software
- कम्पनि दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्र

# सम्पन्न प्रक्रियाहरू

- सफ्टवेयर प्रणालीको विकास
- डाटा सेन्टरको स्थापना हार्डवयर खरिद प्रक्रिया
- संगठन संरचना अध्ययन र पदपूर्ति प्रक्रिया
- कर्मचारी प्रशासन विनियमावली
- आर्थिक प्रशासन विनियमावली
- लगानी कार्यविधि,दीर्घकालिन लगानी नीति
- चार्ट अफ अकाउन्ट मेनुअल
- कार्यकारी  निर्देशक नियुक्ति बिनियमावाली र कार्य सम्पादन सम्झौता

# केकृत प्रक्रिया


रोजगारदाता र श्रमिक पहिचान र दर्ता
योगदान रकम संकलन र वित्तीय व्यवस्थापन
तथ्यांक संकलन र अभिलेख व्यवस्थापन
सुविधा वितरण र भुक्तानी व्यवस्थापन
सदस्यहरूलाई सुचना प्रवाह र आवहान गर्ने प्रणाली
अन्य संगठन संग तथ्यांक आदान-प्रदान
अनुगमन र व्यवसाय विश्लेषण

# कार्यान्वयनका चुनौतीहरू

- रोजगारदाता र रोजगार प्राप्त व्यक्ति को जिम्मेबारी बोध, समन्वय
- हालसम्म विभिन्न निकाय हरुबाट कार्यन्वयन हुँदै आएका सामाजिक सुरक्षा सम्बन्धी बिभिन्न कार्यहरूको समन्वय
- सामाजिक सुरक्षा सम्बन्धी विभिन्न विद्यमान कानुनी व्यवस्थाहरुमा रहेको असंगती हटाउने
- बोनस ऐन बमोजिम केन्द्रीयस्तरको कल्याणकारी कोषमा जम्माहुने रकमको संकलन र विवरण अध्याबधिक गर्ने

# नितीगत प्रश्न

- सामाजिक सुरक्षाकर सम्बन्धी बिषय
- बिमा सम्बन्धी बिषय
- अवकाश कोष तथा निवृत्ति भरण सुबिधा सम्बन्धी
- औषधि उपचार सुबिधा सम्बन्धी बिषय
- श्रमिक तथा कर्मचारीको अवकाश उमेर
- अनिबार्य अवकाश प्राप्त कर्मचारीहरुले पुन काम गर्दा पाउने सुबिधा
- सामाजिक सुरक्षा कोषले प्राप्तगर्ने कर सुबिधा

# प्राविधिक चुनौतीहरू

- प्रत्येक प्रक्रिया मा उचित तथा नवीनतम प्रविधिको प्रयोग
- उचित प्रविधि तथा जनशाक्ति को उपलब्धता तथा व्यवस्थापन
- तथ्यांक/अभिलेख व्यवस्थापन तथा सुरक्षा
- बायोमेट्रिक दर्ता प्रणाली को अभावमा रोजगार प्राप्त व्यक्ति को पहिचान र प्रमाणीकरण मा समस्या आउने
- झुटो दाबी नियन्त्रण

# प्राबिधिक चूनौतीहरु

- प्रत्येक श्रमिकको प्रमाणीकरण ( authentication )
- व्यक्तिगत विवरण डाटाबेसमा लिंक गर्ने - नागरिकता, स्थायी लेखा नम्बर परिचय पत्र र मतदाता परिचय पत्र

# आगामि कार्यदिशा

- डाटा सेन्टर, हार्डवयर र सफ्टवेयर अपडेट
- कार्यकारी निर्देशक को नियुक्ति
- जनशक्ति व्यवस्थापन : प्राविधिक, योजना व्यवस्थापन सम्बन्धि जनशक्ति, कोष व्यवस्थापन सम्बन्धि जनशक्ति पदपूर्ति
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू संग सम्झौता
- योगदान रकम संकलनका लागि बैंकहरुसंग सम्झौता
- श्रमिक तथा कर्मचारीहरुको अनिबार्य बैंक खाता

# आगामि .......

- कर्मचारी संचयकोष, नागरिक लगानि कोष र सामाजिक सुरक्षा कोष को बीचमा समन्वय
- सेवाग्राहीलाई  सुचना प्रदान गर्न मोबाइल ऐप्स र एस् एम् एस् प्रणाली को विकास
- रोजगार दाता र श्रमिक को दर्ता प्रक्रियामा राष्ट्रिय परिचयपत्र, नागरिकता, स्थायी लेखा नम्बर परिचय पत्र र मतदाता परिचय पत्र संग आबद्ध गरि दर्ता प्रक्रियामा सरलीकरण गर्ने
- बिमान्की विश्लेषण
- सामाजिक सुरक्षा योजना परिमार्जन

# जिज्ञासा तथा सुझाव ?

